# कक्षा अवलोकन तथा अनुगमन भ्रमण, २०६७

## प्रतिवेदन

- स्थानः कपिलवस्तु जिल्लामा कार्यक्रम लागु भएका सबै बिद्यालयहरू
- अवधिः कार्तिक २७ देखि मंसिर ४ गते सम्म (नोवेम्वर १३ देखि २०, २०१० (८ दिन)
- कार्यक्रममा सहभागिहरूः
    - साझा शिक्षा ई-पाटीवाट टीकाराज कार्की र अनुप शाक्य
    - शैक्षिक तालिम केन्द्र रूपन्देहिवाट वरिष्ठ प्रशिक्षक सुर्य भुषाल
- भ्रमणको उद्देश्य

१. विद्यालय स्तरमा हालसम्म कार्यक्रमको अवस्थावारे अनुगमन गर्नु ।

२. कक्षा अवलोकन मार्फत एकीकृत शिक्षणको क्रममा शिक्षकहरूमा देखिएका कठिनाइहरू पत्ता लगाइ सामुहिक छलफल र अन्तर्क्रियाको माध्यमवाट पृष्ठपोषण दिनु ।

३. नियमित अनुभव आदानप्रदान र ई-पाठ अपडेट लगायत प्राविधिक विषयमा जानकारी दिनु ।

## अवलोकन गरिएका विद्यालयहरू र प्राप्त विवरण

### श्री महेन्द्र प्राथमिक विद्यालय तौलिहवा

अवधिः कार्तिक २८ र २९, २०६७

सहजिकरणः टीकाराज कार्की, सुर्य भुषाल र अनुप शाक्य

कक्षा अवलोकन र अवस्था

| क्रसं | नाम | कक्षा | विषय | कक्षा अवलोकन संख्या | अवस्था |
|---|---|---|---|---|---|
| १ | अनिता थापा | २ | नेपाली | १ | मध्यम |
| २ | गोमा घिमिरे | ३ | अंग्रेजी | २ | कमजोर |
| ३ | सुष्मा शर्मा | ४ | गणित | २ | राम्रो |

सामुहिक पृष्ठपोषण

- प्रधानाध्यापक समेत ८ जना

कक्षा अवलोकन पश्चात दिइएका सुझावहरू

- पाठयोजना Specific वनाउनु पर्ने ।
- अघिल्लो दिनको सन्दर्भवाट कक्षा सुरू गरि आज छलफल गर्ने विषयवस्तुहरूको जानकारी दिएर मात्र शिक्षण सुरू गर्ने ।
- कक्षा २ मा ई -पाटी खोल्न चरणवद्ध निर्देशन दिने तथा अन्य कक्षाका नयाँ विद्यार्थीहरूलाई जान्ने विद्यार्थीहरूवाट सिक्ने वातावरण वनाउने ।
- विद्यार्थीहरूलाई पालो पालो ई-पाटी लिने र राख्ने वानी वसाउने ।
- विद्यार्थीहरूलाई ष्पष्ट निर्देशन दिने र कक्षा शान्त तथा अनुसासित वनाउने ।
- आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग गरि विद्यार्थीलाई ष्पष्ट वनाउने ।
- एकीकृत शिक्षणमा अझ ध्यान दिने र समय व्यवस्थापन गर्ने ।
- ई-पाटीको आवाज व्यवस्थापन र उच्चारणमा ध्यान दिने ।
- स्थानीय शैक्षिक सामग्री र सान्दर्भिक उदाहरणहरू दिएर सिकाउने ।
- एकीकृत शिक्षण पुर्व ई-पाठको पाठविवरण, पाठयोजना, हेल्पटेक्स्ट आदिको अध्ययन गर्ने ।
- मासमा प्रश्न गरेर निश्चित विद्यार्थीलाई सोध्ने र जवाफ लिने वातावरण मिलाउने ।
- हरेक कक्षाको अन्त्यमा आज सिकेका विषयहरू मूल्यांकन गर्दै सारांसमा वताउने ।

अन्य

- विद्यार्थीहरूलाई सुरक्षाका कारण घरमा ई-पाटी लान नदिने गरिएको ।
- हालसम्म २ वटा ई-पाटिहरू हराएको । विद्यालयवाट खोजि कार्य भइरहेको ।
- मदरसावाट वढि उमेर भएका विद्यार्थीहरू कक्षा २ , ३ र ४ मा भर्ना हुन आउने भएकाले समान रुपले ई-पाटी चलाउन कठिन, ई-पाटी नपुग्ने र भाषागत कठिनाइ रहेको ।

सवल पक्षहरू

- शिक्षकहरूको असल र सहयोगी टीम
- कक्षा २ र ३ मा उपयुक्त फर्निचर व्यवस्थापन
- कक्षा ४ का विद्यार्थीहरूले ई-पुस्तकालयको प्रयोग गर्ने गरेका

सुधार गर्नुपर्ने पक्षहरू

- विद्यालयको कम्पाउण्ड वाल नभएको र वरिपरि खुल्ला सार्वजनिक स्थान रहेकाले असुरक्षित रहेको ।
- कक्षा ३ को झ्यालहरू सुरक्षित वनाउनु पर्ने । यसो नभएका कारण हरेक दिन चार्जिंग रयाक सहित ई-पाटीहरू अफिसमा राख्नुपर्ने वाध्यता रहेको ।

- कक्षा ४ मा उपयुक्त फर्निचर व्यवस्थापन गरिनुपर्ने ।
- शिक्षकहरू विच नियमित अनुभव आदानप्रदान हुनुपर्ने ।

## श्री पञ्च निम्नमाध्यमिक विद्यालय वैजलपुर, वाणगंगा

कार्तिक ३०, २०६७

सहजिकरणः टीकाराज कार्की, सुर्य भुषाल र अनुप शाक्य

<u>कक्षा अवलोकन र अवस्था</u>

| क्रसं | नाम | कक्षा | विषय | कक्षा अवलोकन संख्या | अवस्था |
|---|---|---|---|---|---|
| १ | मञ्जु पाण्डे | २ | अंग्रेजी | १ | राम्रो |
| २ | यशोधरा राना | २ | नेपाली | १ | कमजोर |
| ३ | सुजाता रेग्मी | ३ | नेपाली | १ | राम्रो |
| ४ | सोमनारायण चौधरी | ४ | गणित | १ | मध्यम |
| ५ | पुनम राना | ६ | अंग्रेजी | १ | मध्यम |

<u>सामुहिक पृष्ठपोषण</u>

- प्रधानाध्यापक समेत १० जना

<u>कक्षा अवलोकन पश्चात दिइएका सुझावहरू</u>

- अघिल्लो दिनको सन्दर्भवाट कक्षा सुरू गरि आज छलफल गर्ने विषयवस्तुहरूको जानकारी दिने ।
- ई-पाटीको आवाज व्यवस्थापन र उच्चारणमा ध्यान दिने ।
- स्थानीय शैक्षिक सामग्री र सान्दर्भिक उदाहरणहरू दिएर सिकाउने ।
- एकीकृत शिक्षणमा समय व्यवस्थापनमा ध्यान दिने ।
- जान्ने र नजान्ने विद्यार्थीहरूलाई सगै वसाई सिकाइ वातावरण अझ सहज वनाउने ।
- एकीकृत शिक्षण पुर्व ई-पाठको पाठविवरण, पाठयोजना, हेल्पटेक्स्ट आदिको अध्ययन गर्ने ।
- मासमा प्रश्न गरेर निश्चित विद्यार्थीलाई सोध्ने र जवाफ लिने वातावरण मिलाउने ।
- हरेक कक्षाको अन्त्यमा आज सिकेका विषयहरू मूल्यांकन गर्दै सारांसमा वताउने ।

<u>सवल पक्षहरू</u>

- विद्यालय प्रसाशन तथा शिक्षकहरू सकारात्मक तथा उत्साहि ।
- विद्यालयको समग्र व्यवस्थापन पक्ष राम्रो र उपयुक्त रहेको ।
- विद्यालयको वातावरण शान्त र अनुसासित विद्यार्थी ।
- कक्षा ४ र ६ का विद्यार्थी तथा शिक्षकहरूले ई-पुस्तकालयको राम्ररी प्रयोग गर्ने गरेका ।

- विद्यार्थी संख्या वढि भएपनि कक्षामा मनिटरहरू मार्फत प्रभावकारी रूपले ई -पाटी राख्ने र वितरण गर्ने गरेका ।
- ई-पाठ अपडेट गर्न शिक्षकहरू सक्षम रहेका ।

<u>सुधार गर्नु पर्ने पक्षहरू</u>

- कक्षा ४ मा फर्निचर व्यवस्थापन ।
- शिक्षकहरू विच नियमित अनुभव आदानप्रदानको सुरूआत ।

<u>अन्य</u>

- ई-पाटी एकिकृत तालिम लिएका शिक्षक जगनारायण चौधरी विरामी परेकाले उहाँको कक्षा अवलोकन गर्न सकिएन ।
- हरेक विद्यार्थीहरूलाई ई-पाटी घर लान दिने गरिएको ।
- कक्षा ६ मा अन्य विद्यालयवाट १३ जना विद्यार्थीहरू थप भएकाले सवैलाई ई-पाटी नपुगेको ।

## श्री नेपाल राष्ट्रिय निम्नमाध्यमिक विद्यालय चौंरी, राजपुर

मंसिर २ र ३, २०६७

सहजिकरणः टीकाराज कार्की, सुर्य भुषाल र अनुप शाक्य

कक्षा अवलोकन र अवस्था

| क्रसं | नाम | कक्षा | विषय | कक्षा अवलोकन संख्या | अवस्था |
|---|---|---|---|---|---|
| १ | कृष्णकुमार मिश्र | २ | नेपाली | २ | कमजोर |
| २ | लोकनाथ गौतम | ३ | अंग्रेजी | २ | राम्रो |
| ३ | कृष्णप्रसाद घिमिरे | ४ र ६ | अंग्रेजी | २ | मध्यम |
| ४ | हरि मरासिनी | ६ | गणित | २ | राम्रो |

<u>सामुहिक पृष्ठपोषण</u>

- प्रधानाध्यापक समेत ८ जना

<u>कक्षा अवलोकन पश्चात दिइएका सुझावहरू</u>

- पाठयोजनालाई अझ Specific वनाउनु पर्ने ।
- अघिल्लो दिनको सन्दर्भवाट कक्षा सुरू गरि आज छलफल गर्ने विषयवस्तुहरूको जानकारी दिने ।

- कक्षा २ मा ई -पाटी खोल्न चरणवद्ध निर्देशन दिने तथा अन्य कक्षाका नयाँ विद्यार्थीहरूलाई जान्ने विद्यार्थीहरूवाट सिक्ने वातावरण वनाउने ।
- विद्यार्थीहरूलाई ष्पष्ट निर्देशन दिने र कक्षा शान्त तथा अनुसासित वनाउने ।
- आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग गरि विद्यार्थीलाई ष्पष्ट वनाउने ।
- एकीकृत शिक्षणमा अझ ध्यान दिने र समय व्यवस्थापन गर्ने ।
- ई-पाटीको आवाज व्यवस्थापन र उच्चारणमा ध्यान दिने ।
- एकीकृत शिक्षण पुर्व ई-पाठको पाठविवरण, पाठयोजना, हेल्पटेक्स्ट आदिको अध्ययन गर्ने ।
- मासमा प्रश्न गरेर निश्चित विद्यार्थीलाई सोध्ने र जवाफ लिने वातावरण मिलाउने ।
- हरेक कक्षाको अन्त्यमा आज सिकेका विषयहरूमा मूल्यांकन गर्दै सारांसमा वताउने ।

<u>सवल पक्षहरू</u>

- विद्यालय प्रशासन तथा शिक्षकहरू एकीकृत शिक्षण प्रति उत्साहि ।
- कक्षा ४ र ६ का अधिकांस विद्यार्थी तथा शिक्षकहरू ई-पुस्तकालय प्रयोग गर्न सक्षम रहेका ।
- ई-पाटी र उपकरणहरूको सुरक्षामा विद्यालय वढि सचेत रहेको । यसका लागि हरेक दिन ई -पाटीको रूजु गर्ने तथा राति चौकिदारको व्यवस्था गरिएको ।
- ई-पाठ अपडेट गर्न ३ जना शिक्षकहरू सक्षम भएका ।
- उपयुक्त कक्षाकोठा व्यवस्थापन, आवश्यकता अनुसार कोठाको दुवैतिर कालोपाटिको प्रयोग गर्न सकिने

<u>सुधार गर्नुपर्ने पक्षहरू</u>

- प्रधानाध्यापक तथा शिक्षकहरू विच नियमित अन्तर्क्रिया हुनु जरूरी ।
- एकीकृत शिक्षण सम्वन्धि तालिम लिएका वाहेक अन्य शिक्षकहरूलाई पनि छलफलमा सहभागि गराएर एकीकृत कक्षा शिक्षण सुरूआत गर्न प्रेरीत गर्ने ।
- हराएका ई -पाटीहरूको प्रभावकारी खोजि र अरू नहराउने वातावरण वनाउनु पर्ने । जस्तैः अभिभावकहरूलाई सचेत गराउने, कसैले देखे वा भेटेमा विद्यालयमा जानकारी दिन सुचना गर्ने आदि

<u>अन्य</u>

- ई-पाटी एकिकृत तालिम लिएका शिक्षक राममंगल पासि विदामा रहेकाले उहाँको कक्षा अवलोकन गर्न नसिकएको ।
- सुरक्षाका कारण विद्यार्थीहरूलाई ई-पाटी घरमा लान नदिने गरिएको ।
- हालसम्म विद्यालयवाट ५ वटा ई-पाटीहरू हराएको र विद्यालयले खोजि कार्य गर्दै रहेको ।
- मदरसा तथा आधारभुत शिक्षा लागु भएका कारण वढि उमेर भएका विद्यार्थीहरू कक्षा २ , ३ र ४ मा भर्ना हुन आउने भएकाले ई-पाटी समान रूपले चलाउन कठिन र भाषागत कठिनाइ रहेको ।

- मदरसा र आधारभुत शिक्षा लागु भएका कारण यसपटक मात्र ११० जना विद्यार्थी थप भएकाले ई-पाटी वितरणमा समस्या भएको ।

## अनुगमन तथा कार्यक्रमको हालसम्मको अवस्था वारे सरोकारवालाहरूसँग भेटघाट

- जिल्ला शिक्षा अधिकारी
- जिल्ला शिक्षा कार्यालयमा कार्यरत विद्यालय निरिक्षकहरू

## शैक्षिक तालिम केन्द्रका प्रशिक्षकको भूमिका

- शैक्षिक तालिम केन्द्रको तालिम प्रशिक्षक भएकाले कक्षा अवलोकन तथा अनुगमन टीममा समावेश गर्नुपर्ने ।

## यस कक्षा अवलोकन तथा अनुगमनवाट प्राप्त अनुभव तथा सुझावहरू

1. सम्वन्धित विद्यालयका शिक्षकहरूको कक्षा अवलोकन गरि पृष्ठपोषण दिँनु पर्दा कम मात्र सुझावहरू आएकाले व्यक्तिगत रूपमा टिपोट गर्न लगाइ सहजकर्ताले प्रस्तुत गरि छलफल गराउँने वा अन्य विकल्पवाट थप प्रभावकारी हुनसक्ने ।
2. युवा र ई -पाटी एकीकृत शिक्षणमा वढि चासो राख्ने शिक्षकलाई थप प्रेरणा दिई तुलनात्मक रूपमा कमजोर शिक्षकहरूलाई सहयोग गर्न अभिप्रेरित गर्ने ।
3. ई-पाटी विद्यार्थीहरूलाई घर लान दिने वा नदिने त्यसको व्यवस्थापन सम्वन्धित विद्यालयले नै गर्दा उपयुक्त हुने ।
4. शिक्षकहरूलाई तालिम निर्देशिका र पाठविवरणको गहन अध्ययन गरि चरणबद्ध अभ्यास तथा शिक्षण गर्न सल्लाह दिने ।
5. अधिकाँस शिक्षकले तालिम भन्दा विद्यालय स्तरमा चौमासिक रूपमा यस्तै हरेक शिक्षकको कक्षा अवलोकन, पृष्ठपोषण र छलफलका कार्यक्रमहरू गर्नु प्रभावकारी हुने ।
6. ई-पाटी एकीकृत शिक्षण र ई -पुस्तकालयमा अधिकांस युवा शिक्षकहरूको चासो र सक्रियता वढि भएकोले क्रमशः प्रधानाध्याकहरूलाई नयाँ रूटिन तयार गर्दा ई -पाटीका कक्षाहरूमा वढि चासो राख्ने शिक्षकहरूलाई एकीकृत शिक्षणको जिम्मेवारी दिन उत्प्रेरीत गर्नु उपयुक्त हुने ।
7. एकिकृत शिक्षण गर्न केहि शिक्षकहरू राम्रो, अधिकांस मध्यम र कम शिक्षकहरू मात्र कमजोर रहेका
8. एकीकृत शिक्षणको क्रममा विद्यालय स्तरमा शिक्षकहरूको आन्तरिक मूल्याङ्कनमा प्रेरित गर्नु उपयुक्त हुने
9. जुनसुकै समय र टीम विद्यालय भ्रमणमा जाँदा प्रधानाध्यापक र फोकलपर्सनसग भेटघाट तथा एकीकृत कक्षा शिक्षण सम्वन्धि थोरवहुत जानकारी लिनु उपयुक्त हुने ।

10. भविश्यमा एकीकृत शिक्षण तालिमको लागि शिक्षक छनौट गर्दा युवा र चासो लिनेलाई प्राथमिकता दिनुपर्ने
11. ई-पाठ तयार पार्दा पाठ्यपुस्तकको अभ्यास वा सिधै पाठ्यपुस्तकको आधारमा भन्दा निश्चित पाठको आधारमा तयार पारिएमा मात्र शिक्षकहरूले ई -पाटी एकीकृत शिक्षणमा प्रयोग गर्ने गरेको पाइयो । अतः निश्चित पाठको आधारमा तयार पारि पाठविवरणमा सोको उल्लेख गरिदिएमा एकीकृत शिक्षणमा सहजता आउने देखियो ।

**<u>ई-पाठहरू तर्फ</u>**

- Drag and Drop भएका ई-पाठहरूमा दुवै हातको प्रयोग गर्नुपर्ने भएकाले विषेश गरि कक्षा २ मा समस्या देखियो ।
- कक्षा ४ अंग्रेजीको मदर टेरेसा भन्ने ई -पाठमा उनले १७ वर्ष पढाएको भन्ने छ भने पाठ्यपुस्तकमा २० वर्ष छ कुन चाहि सहि हो ।
- कक्षा ६ गणितमा रूढ र संयुक्त संख्या शिर्षक ई -पाठको अभ्यासमा ५१ रूढ वा संयुक्त जवाफ गलत छ ।
- महेन्द्र प्रावि र नेपाल राष्ट्रिय निमाविका शिक्षकहरुका अनुसार कक्षा ४ का अंग्रेजीका ई-पाठहरू कठिन भएकाछन् ।
- ई-पाठमा दिइने उदाहरण तथा चित्रहरू सम्भव भएसम्म भौगोलिक , जातजाति, चालचलन, भेषभुषा आदिलाई समेट्न सक्दा वेश हुन्छ ।
- ई-पाटी घरमा लान नदिने विद्यालयहरूमा ई -पाठका अभ्यासहरू तह ३ सम्म भएकोमा विद्यार्थीहरूले प्रयोग गर्न समय नपुग्ने भएकाले प्रयोग हुन नसक्ने देखियो ।